# नेपाल कानून आयोगको सूचना

## कानून सुधारका लागि प्रस्ताव आह्वान

**प्रकाशित मितिः-२०७०।११।०२**

यस आयोगको संलग्नता आवश्यक हुने कानून सुधार सम्बन्धी कुनै लिखित प्रस्ताव आयोगका सदस्य-सचिवलाई सम्बोधन गरी प्रस्तुत गर्न सकिनेछ। प्रस्ताव अधिकतम ५ पेजमा नबढने गरी प्रस्तुत गर्नु पर्नेछ। यस्तो प्रस्ताव पेश गर्दा देहाय बमोजिमका कुराहरु समेटिनुपर्नेछः

१. **समस्याको विवरणः**

यस आयोगले अध्ययन वा सम्बोधन गर्नुपर्ने कुनै खास समस्याको पहिचान गरिएको र विद्यमान कानूनी व्यवस्था वा आवश्यक कानूनको अभावले गर्दा परेको समस्या समेत उल्लेख भएको हुनुपर्नेछ। यसका अतिरिक्त समुदायमा त्यस्तो कुनै घटना घटेको भए त्यसको ज्वलन्त उदाहरण अझ बढी प्रासङ्गिक हुनेछ।

२. **परिमार्जन प्रयासहरुको विवरणः**

उल्लेखित समस्याको समाधानका लागि विगतमा कुनै प्रयासहरु गरिएको भए सो को विवरण प्रस्तुत गर्नुपर्नेछ।

३. **परियोजनाको विषयवस्तुः**

समस्याको निदान वा अन्य कुनै कार्यका लागि गरिनुपर्ने अध्ययन, मूल्यांकन, परिवर्तन सम्बन्धी विश्लेषण उपलब्ध गराउनु पर्नेछ।

४. **कानून आयोगको संलग्नताः**

विद्यमान कानूनको सुधार वा नयां कानूनको निर्माणका निमित्त यस आयोगको भूमिका किन आवश्यक छ सो को विश्लेषण उपलब्ध गराउनु पर्नेछ।

५. **परियोजनाका सहभागीहरुः**

कार्यदलमा समावेश भएर कार्य गर्न इच्छुक रहेका व्यक्तिहरुको विवरण उपलब्ध गराउनुपर्नेछ साथै प्रतिवेदन वा टिपोटकर्ताका रुपमा कार्यदलका अध्यक्षसंग रहेर कार्य गर्न इच्छुक प्रतिवेदक वा टिपोटकर्ताको नाम समेत उल्लेख गर्नुपर्नेछ। कुनै कानूनी व्यवस्थाका कारणले वा कानूनको अभावको कारणले सृजित समस्या वा त्यस्तो समस्या भोग्न बाध्य जनसमूहको धारणा र अनुभव वा त्यसलाई प्रतिनिधित्व गर्ने संस्थाको भूमिका कानून निर्माण प्रयोजनका लागि अत्यन्तै महत्वपूर्ण हुने धारणा कानून आयोगको रहेको छ। यस कार्यक्रमले कानूनको सम्बन्धमा एउटा निरन्तर सामाजिक वार्तालापका लागि सम्पर्क स्थापना समेत गर्नेछ। तसर्थ कानूनको सुधार वा नयां कानूनको निर्माणका लागि परियोजना प्रस्ताव प्रस्तुत गर्ने प्रयोजनार्थ कानून आयोगले देहायको मापदण्ड निर्धारण गरेको छः

क. **प्रस्तावको आह्वानः**

प्रस्तुत प्रस्ताव आह्वान वर्षभरि नै खुला रहनेगरी सार्वजनिक जानकारीका लागि प्रकाशन गरिएको छ। प्रस्ताव प्राप्त भए पश्चात कानून आयोगले विषयवस्तुको प्रकृति, तत्कालिक आवश्यकता र वृहद जनसमुदायको लाभको आधारमा प्राथमिकता सूचीको निर्धारण गरी सम्बद्ध पक्षलाई सो को जानकारी गराउनेछ।

ख. **प्रस्तावकको योग्यताः**

कुनै पनि व्यक्ति वा संस्थाले कानून आयोगबाट अध्ययनका लागि उपयुक्त हुने खालको कानून सुधार वा नयां कानूनको निर्माणका लागि प्रस्ताव प्रस्तुत गर्न सक्नेछन्।

**कुनै किसिमको जानकारी, सूचना वा कागजात पठाउनुपर्ने भएमा निम्न ठेगानामा पठाउन वा सम्पर्क गर्न सकिनेछः**


**नेपाल कानून आयोग**

सिंहदरबार, काठमाण्डौ नेपाल

फ्याक्स नं.: ९७७-१-४२११११९४

टेलिफोन नं.: ४२११२०१, ४२१११९०, ४२१११९१

ईमेलः info@lawcommission.gov.np

वेबसाइटः www.lawcommission.gov.np